Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI: https://doi.org/10.3126/anweshan.v7i01.95048
Research Article
ISSN: 3021-9035 Print

# नारीपहिचान र प्रतिनिधित्वका दृष्टिले मगर संस्कृति

✍डा.प्रतिभा पुन
pun.pratibha34@gmail.com


## लेखसार

प्रस्तुत लेख मगर संस्कृतिमा नारीको पहिचान र प्रतिनिधित्वको अवस्थाको अध्ययन तथा विश्लेषणमा केन्द्रित छ। जनसङ्ख्याका हिसाबले मगर जाति नेपालको प्रमुख आदिवासी जनजाति हो। नेपालको कुल जनसङ्ख्यामध्ये तेस्रो तथा आदिवासी जनजातिमध्ये पहिलो स्थान प्राप्त यस मगर जातिको आफ्नै भूगोल, मौलिक भाषा, संस्कृति, परम्परा र सामाजिक संरचना रहेको छ। नेपालका पुराना घना मगर समाजमा मातृसत्तात्मक शासन व्यवस्था रहेको नारीसत्ताको मूल जरो भेटिन्छ। मगर नारीहरू घरपरिवारको व्यवस्थापन, कृषि कार्य, धार्मिक र सांस्कृतिक कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी भई प्रभावकारी भूमिका पूरा गरेका हुन्छन् । उनीहरूका त्यस्ता भूमिकाहरू मगर जातिका समाजमा प्रचलित विभिन्न संस्कार–संस्कृतिहरू, प्रथाहरू, चालचलनहरू, रीतिरिवाज, पूजाआजा आदिमा भेटिन्छन्। तर मगर जातिको सिङ्गो पहिचानलाई झल्काउने मगर आकाशको आधा हिस्साका रूपमा रहेका मगर नारीको पहिचान र प्रतिनिधित्वका विषयमा प्राज्ञिक कलम पुग्न सकेको देखिँदैन। सोही विषयलाई यस अध्ययनको मूल समस्याको रूपमा उठान गरिएको छ ।प्रस्तुत समस्याको पूर्ति गर्नु नै अध्ययनको मूल उद्देश्य रहेको छ। यस अध्ययनमा विशेष गरी आजको सांस्कृतिक अभ्यास, सामाजिक मान्यता र लैङ्गिक विभाजनले मगर नारीको प्रतिनिधित्व र पहिचान निर्माणमा कस्तो प्रभाव पारेको छ भन्ने विषयको खोज र अध्ययन गरिएको छ। मगर जातिका अभौतिक सांस्कृतिक सम्पदाको अध्ययन गरिएको छ । यसका लागि मूलतः पुस्तकालयीय कार्यका साथै आवश्यकताका आधारमा अन्तर्वार्ताका माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण पाटो नारी पहिचान र प्रतिनिधित्वका आधारमा मात्र अध्ययन र विश्लेषण गर्नु यस अध्ययनको प्रमुख सीमा हो। प्रस्तुत अध्ययनले हिजो र आजको मगर समाजमा प्रतिविम्बित मगर नारीको पहिचान र प्रतिनिधित्वका बारे बोध गर्न र गर ाउन सक्ने तथा आगामी अध्ययनका लागि थप मार्ग प्रशस्त गरिदिन सक्ने भएकाले यस अध्ययनले आफ्नै खालको महत्त्व बोकेको छ। मगर नारीहरू हिजोको मगर समाजमा महत्त्वपूर्ण योगदान दिन सफल तथा सबल थिए। आज आएर औपचारिक निर्णय र प्रतिनिधित्वका क्षेत्रमा उनीहरूको स्तर खस्कँदो देखिएकाले समान अवसर प्राप्त गर्न थप ऊर्जाको आवश्यकतारहेको निष्कर्ष निकालिएको छ। यसका साथै नारी सशक्तीकरण, शिक्षा तथा चेतनाको विस्तारले मगर समाजमा नारीको पहिचान र प्रतिनिधित्वलाई अझ सुदृढ बनाउने बलियो सम्भावना खोजी गरिएको छ।



## शब्दकुञ्जी

नवारनी संस्कार, मेमाजा, रुएँ–रुमेली , सातु छेच्ची, ज्योमारे


## विषय प्रवेश

नारी पहिचान र प्रतिनिधित्वका दृष्टिले मगर संस्कृति

✍लेखक अनुसन्धाता हुनुहुन्छ।

विषयमा यो लेख केन्द्रित छ। नारी अधिकार र समानताका लागि गरिने सामाजिक तथा वैचारिक आन्दोलन नारीवाद हो। यसले पुरुषले जत्तिकै अधिकार, अवसर र सम्मान नारीले पाउनुपर्छ भन्ने लक्ष्य राख्छ र समाजमा रहेको लैङ्गिक असमानता, भेदभाव र पितृसत्तात्मक सोचको विरोध गर्दै नारीको अधिकार, स्वतन्त्रता र सशक्तीकरणको पक्षमा आवाज उठाउँछ। नारी पितृसत्तात्मक हैकमको जाँतामा कसरी पिँधिएकी छ भन्ने कुराको निक्र्योल र त्यसमाथिको प्रहार नै नारीवादी चिन्तनको मूल आधार हो। नारीवादीले पितृसत्तात्मक समाजका संरचना तथा विचार मान्यताहरू विरुद्ध सङ्घर्ष गर्ने प्रतिबद्धता जनाउने भए तापनि विभिन्न जात, धर्म, वर्ग आदिका कारण नारीले लड्नुपर्ने मोर्चाहरू भिन्नभिन्न हुन सक्छन् (उप्रेती, २०६८, पृ. २४७)। मानव सभ्यताको प्रारम्भिक चरणमा मातृसत्तात्मक शासन व्यवस्था भए पनि निजी सम्पत्तिको उत्पत्ति भएपछि पुरुषले आफूसँग उत्पादनका लागि आधारभूत साधन र शारीरिक शक्ति रहेको तर्क अघि सारी महिलामाथि दमन सुरु गऱ्यो (भट्टराई, २०६८, पृ. २६१)। यसरी भएको मातृसत्ताको विनाश नारी जातिको विश्व ऐतिहासिक महत्त्वको पराजय थियो। यसपछि घरभित्र पुरुषले कब्जा गऱ्यो र पुरुषको एकछत्र सत्ता स्थापित भयो, जुन पितृसत्तात्मक परिवारका रूपमा प्रकट भयो (मार्क्स एङ्गेल्स, सन् १९७८, पृ.६७)। पुरुषद्वारा स्थापित पितृसत्तात्मक शासन व्यवस्थाको अतिवादिता विरुद्धको सङ्घर्षस्वरूप नारीवादको जन्म भयो।

पितृसत्तात्मक सोचको प्रतिकारमा र पुरुष समान अधिकारको पक्षमा वकालत गर्दै नारीवादको आरम्भ भएको हो। यसले समाज विकासको लामो समयसम्म विभेदपूर्ण लैङ्गिक संरचनाकै कारण महिलाहरूको विकास पुरुष सरह हुन नसकेको हो भन्ने मान्यता राख्दछ। यो महिलाको जीवनको आवश्यकताले जन्मिएको सिद्धान्त हो (त्रिपाठी, सन् २०१२, पृ. ३०)। नारीवादी आन्दोलन शक्त रूपमा अगाडि बढाउने कार्य बुभायरबाट भएको पाइन्छ। सन् १९४९ मा फ्रान्सेली लेखक सिमोन द बुभायरको 'द सेकेन्ड सेक्स' पुस्तक प्रकाशन भएको थियो। उक्त पुस्तकमार्फत बुभायरले आधुनिक नारीवादको आधारभूत समस्यालाई अगाडि सारेकी छन् (त्रिपाठी, सन् २०१२, पृ. ७०)। यस पुस्तकमा बुभायरले नारीवादी आन्दोलनलाई बौद्धिक र प्राज्ञिक बहसको विषयका रूपमा प्रस्तुत गरेकी छन्। बुभायरले नारीवादी साहित्य चिन्तनको सूत्रपात र नेतृत्व गरेपछि नारीवादी साहित्य समालोचनाको सचेत विकास भएको हो (शर्मा र लुइटेल, २०६१, पृ. ३७३)। यसरी बुभायरले महिलाहरू जन्मले होइन, सामाजिक भूमिकाले लैङ्गिक विभेदमा परेका हुन् भन्ने कुरालाई उजागर गरेकी छन्। सन् १९७० र सन् १९८० को दशकमा नारीवादका विभिन्न धारहरूको विकास भएको छ। यस अवधिमा आएर नारीवादी अध्ययन परम्परा सांस्कृतिक अध्ययन परम्परामा विकसित भएको हो।

नारीवादले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र सामाजिक स्वरूपको विरोध गर्दछ। नारीहरूलाई शक्तिहीन बनाउने कार्य सामाजिक सांस्कृतिक संरचनाले गरेको हो भन्ने नारीवादीहरूको ठहर छ। नारीवाद त्यस्तो आन्दोलन हो जसले नारीलाई मुक्ति दिन, उठाउन र आत्मनिर्भर बनाउन बल दिन्छ (गौतम, २०५९,पृ. ३४४)। समाजमा नारीहरू पीडित छन्, आफ्ना अधिकारबाट वञ्चित छन् र ती अधिकारविहीन नारीहरूले पुरुष समान अधिकार प्राप्त गर्नुपर्छ भन्ने धारणा नारीवादीहरूको पाइन्छ। समाजका विभिन्न क्षेत्रमा महिलाको उपस्थितिको खोजी गर्ने कार्य नारीवादी अध्ययनमा पाइने धारणा प्रस्तुत गरिएको छ (त्रिपाठी, सन् २०१२, पृ. ७२)। नारीवादी अध्ययनमा नारीको प्रतिनिधित्व, पहिचान, प्रतिरोध र प्रभुत्वजस्ता पक्षहरूको अध्ययन र विश्लेषण गरिन्छ। समाजमा विद्यमान संस्कृतिले नै समाजमा नारी र पुरुषको लक्षण निर्धारण गर्ने भएका कारण नारीवादी अध्ययन सांस्कृतिक अध्ययनका रूपमा स्थापित भएको हो।

मानव समाजको जीवनशैली, चाडबाड, क्रियाकलाप, कलाकौशल र व्यवहार नै संस्कृति हो। अङ्ग्रेजी भाषाको 'कल्चर' शब्दको नेपाली रूपान्तर नै संस्कृतिको अर्थ 'परिष्कार'

भन्ने हुन्छ। परिष्कार भनेको कुनै वस्तुलाई राम्ररी खार्ने र उन्नत बनाउने काम वा कुनै कुरामा रहेको कमी र त्रुटि हटाएर अझ राम्रो र सुन्दर बनाउने काम हो (चापागाइँ, २०५९, पृ. १०१)। यसर्थ संस्कृतिको अर्थ राम्रो अवस्था, सुध्रेको स्थिति र सभ्य व्यवहार भन्ने हुन्छ (प्रभात, सन् १९९५, पृ. ११)। मानिसले प्राकृतिक रूपमा स्वतः हस्तान्तरण भएर आएका सिप तथा गुणभन्दा बाहेक बाँच्नका लागि जे जति प्रयत्न गर्छ, त्यो सम्पूर्ण संस्कृति हो। यो नियमबद्ध, समयबद्ध र प्रतिबद्ध व्यवहारको समष्टि हो, जसले मानव व्यवहारलाई निर्देशित गछ। सिक्ने सिकाउने प्रवृति रहने हुँदा नियमप्रतिको प्रतिवद्धताले नै संस्कृति जीवित रहन्छ (खत्री, २०७०, पृ.४)। मानिसले व्यक्त गरेका भाषा, साहित्य, कला, धर्म, दर्शन, राजकाज, समाज व्यवस्था आदिमा संस्कृति झल्कन्छ। संस्कृति समाजको खानपान, रहनसहन, आचार–व्यवहार, चिन्तनमनन, यथार्थ र आदर्श सबैमा व्याप्त हुन्छ (चापागाइँ, २०५९, पृ. १)। यसैले सामाजिक व्यवहारका क्रममा निर्मित सम्पूर्ण भौतिक (मूर्त),अभौतिक(अमूर्त) तथा बौद्धिक मूल्यमान्यताहरूको कूल योग नै वास्तवमा संस्कृति हो। यो मानव इच्छासँग सम्बन्धित हुने भएकाले संस्कृति उद्देश्यपूर्ण हुन्छ र आवश्यकता पूर्तिका क्रममा समृद्ध बन्दै जान्छ। भाषासहितका मौखिक परम्पराहरू र अभिव्यक्तिहरू, मानवीय कला, अभिनय कला, मानवीय प्रचलन, सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्वका उत्सवहरू प्रकृति तथा विश्व ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू, परम्परागत कलाकौशल तथा सिपहरू आदि अमूर्त संस्कृतिका क्षेत्र हुन् । यस्तो संस्कृति ग्रन्थका रूपमा र मौखिक रूपमा गरी दुई प्रकारले संरक्षण भएको देखिन्छ (सुवेदी,२०७१, पृ.४२)। संस्कृति भिन्न भूगोलमा बसोबास गर्ने भिन्न जातजाति र जनजातिका आफ्नै खालका परम्परा अनुकूल रहेका हुन्छन्। नेपालका मगर जातिको आफ्नै खालको मौलिक संस्कृति छ।

नेपालका आदिवासी जनजातिहरूमध्ये सबैभन्दा धैरै जनसङ्ख्या भएको जाति मगर जाति हो। राष्ट्रिय तथ्याङ्क विभाग २०७८ अनुसार नेपालको जनसङ्ख्याको ६.९% जनसङ्ख्या मगर जातिको छ । यो नेपालको जनसङ्ख्याको तेस्रो ठुलो जातीय जनसङ्ख्या हो। पुरानो समयमा मगरात भनिने कालीगण्डकीभन्दा पश्चिम र कर्णालीभन्दा पूर्वको विशाल पहाडी भूभागलाई नै मगरहरूको मूलथलो मानिन्छ। वर्तमान समयमा नेपालको पचहत्तरै जिल्लाहरूमा मगर जाति छरिएर रहेका छन् । मगर जातिका सम्बन्धमा बुढामगर (२०६९) अनुसार वर्तमान रूकुम जिल्लामा पर्ने हुकाम मैकोइ योमाखार(अरिङ्गाल बस्ने) र पेल्माखार (जौ छर्ने) पु/पुप् (ओडार) मा बस्ने दुई रमाहरू (झाँक्रीहरू) रिन्दु रमा र पुरनचन रमाद्वारा मगर वंशको शुभारम्भ भएको हो। योमाखार र पेल्माखारमा रहँदा सुरुका थापा, पुन, राना, घर्ती, बुढा, रोका र आले गरी सातोटा थर मुख्य हुन्। पछि सात थरबाट त्यसभित्रको गोत्र, बसाइँसराइमा पुरानो ठाउँ, छिमेकी, अर्को जातजातिसँगको मिल्दो थर, अनि पेसा व्यवसाय, प्रकृतिसँग जोडेर लगभग एक हजार थर सूचीकृत दस्तावेज भेटिन्छ (पृ. ५४)। मगर जातिको आफ्नै भाषिक, सांस्कृतिक, धार्मिक र सामाजिक संरचना छ। यिनको बसोबास स्थल, समाज, भाषा, संस्कृति, संस्कार, पहिरन, परम्परा, प्रचलन आदि जस्ता भौतिक र अभौतिक संस्कृतिहरूका बिचमा धेरै समानता र केही भिन्नता भेटिन्छन्। मूलतः मातृसत्तात्मक शासन व्यवस्था रहेको मगर समाजमा नारीको प्रभुत्व रहने भए तापनि आजको समाजमा भने त्यसो भेटिँदैन। मगर समाजमा प्रचलनमा रहेका विविध संस्कृतिको अध्ययनले यो कुराको पुष्टि गर्दछ। यो लेख मगर समाजमा प्रचलित संस्कृतिमा मगर नारीको पहिचान र प्रतिनिधित्वको अवस्थाको अध्ययनमा केन्द्रित भएकाले सो विषयको परिणाम र विमर्शका लागि अठार मगरात क्षेत्रको रोल्पा जिल्लाको मगर समाजमा प्रचलित नवारनी संस्कार, विवाह संस्कार, ज्योमारे संस्कृति, मेमाजा संस्कृति र म्याग्दी जिल्लामा लोपोन्मुख अवस्थामा रहेको रुएँ–रूमेली पूजा वा सातु छेच्ची नामक संस्कृतिलाई अध्ययनको आधार बनाइएको छ।

नारी पहिचान र प्रतिनिधित्वका दृष्टिले मगर संस्कृति नामक यस लेखमा पहिचानअन्तर्गत मगर समुदायको

समाजले नारीलाई प्रदान गरेको परम्परागत पहिचान वा नवीनतम पहिचान र लिङ्गगत आधारमा नारीको प्रतिनिधित्व कस्तो रहेको छ; परिधिमा रहेको छ अथवा ऊ स्वयम्ले प्रतिनिधित्व गरेको छ वा अरूद्वारा गराइएको छ भनी अध्ययन विश्लेषण गरिएको छ।

## *अध्ययनविधि*

अध्ययनविधिलाई सामग्री सङ्कलन विधि र अध्ययनको सैद्धान्तिक आधार शीर्षकमा विवेचना गरिएको छ। प्रस्तुत लेख गुणात्मक अध्ययन विधिमा आधारित छ। आवश्यक सामग्री सङ्कलनका लागि पुस्तकालयीय कार्यका साथै आवश्यकताका आधारमा अन्तरवार्ताका माध्यमबाट पनि सामग्री सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीलाई सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण पाटो नारीवादी लैङ्गिक अध्ययनको सैद्धान्तिक आधारमा नारी पहिचान र प्रतिनिधित्वको अवधारणा तयार गरिएको छ। यसैका आधारमा मगर संस्कृतिको अध्ययन तथा विश्लेषण गरिएको छ।

## *परिणाम र विमर्श*

संस्कृतिले समाजमा व्याप्त नारीको पहिचान र प्रतिनिधित्वको अवस्थितिलाई प्रकाशमा ल्याएको हुन्छ। त्यसैलेमगर समाजका नारीको अवस्थितिलाई मगर समाजमा प्रचलित संस्कृतिका आधारमा पर्गेल्ने प्रयास गरिएको छ। नेपालका ७७ ओटै जिल्लामा फैलिएको मगर जातिको संस्कृति समयसापेक्ष परिवर्तन भएको देखिए तापनि मगर जातिको पुरानो तथा घना बस्ती भएको समाजमा अहिले पनि मौलिक संस्कृति देख्न पाइन्छ। तिनै बस्तीका मगर संस्कृतिका आधारमा नारी पहिचान र प्रतिनिधित्वको अध्ययन यहाँ गरिएको छ। यस क्रममा मगर जातिको आस्था र अनुष्ठानमूलक संस्कृतिमा मगर नारीको पहिचान र प्रतिनिधित्व, जीविकोपार्जनमूलक संस्कृतिमा मगर नारीको पहिचान र प्रतिनिधित्व, संस्कृति पुस्तान्तरण तथा संरक्षणमा मगर नारीको पहिचान र प्रतिनिधित्व र सामाजिक कार्य र निर्णयको तहमा मगर नारीको पहिचान र प्रतिनिधित्वजस्ता शीर्षकमा केन्द्रित रहेर शोधको समस्या प्रकाशमा ल्याउने प्रयास गरिएको छ।

## *नारी पहिचान*

नारीले समाजमा प्राप्त गरेको स्थान, भूमिका र सामाजिक मान्यता नै नारी पहिचान हो। आफ्नो स्वअस्तित्व हेतु आफू हुनुको जानकारी बोध गर्नु, गराउनु नै पहिचान हो र चिनारी तथा परिचय शब्दहरू पहिचान शब्दका पर्यायवाची शब्द हुन् (पुन, २०८०, पृ.२१८)। सांस्कृतिक अध्ययनका क्षेत्रमा स्थापित शब्द पहिचानले व्यक्ति अथवा समूहको स्वरूप, सम्मिलन र प्रतिरोधलाई बुझाउँछ (भट्टराई, २०७०, पृ. ३३)। सामाजिक सदस्यका रूपमा मान्छे बाँचेको सामाजिक तथा सांस्कृतिक संरचनाले उसको परिचय गराइरहेको हुन्छ र त्यही संरचनाभित्र उसले आफू र आफ्नो पहिचानलाई प्राप्त गरेको  हुन्छ। पहिचान व्यक्ति, समुदायको स्वबोध र आफ्नोपन हो, जो आफ्नो अलग इतिहास, धर्म, संस्कृति, भाषा, भूगोल आदिका माध्यमबाट निर्मित हुन्छ (गिरी, २०६९, पृ. २८)। जाति, जनजाति, पेसा, धर्म, भाषा, संस्कृति, अर्थ, राजनीति र चेतनाका आधारमा व्यक्ति र समूहले आफैँलाई परिभाषित गर्ने वा अरूद्वारा परिभाषित गरिने कुरालाई पहिचानका रूपमा लिएको देखिन्छ। पहिचान व्यक्ति र समुदायको सामान्य चिनारी मात्रै नभएर त्यो मानिसको व्यक्तिगत, सांस्कृतिक तथा राजनीतिक परिचयसँग जोडिएको हुन्छ (अधिकारी, २०७०, पृ. ५५–५६)। व्यक्तिको सामाजिक, सांस्कृतिक पृष्ठभूमिले उसको पहिचान निर्धारणमा सघाएको हुन्छ। लिङ्ग, भाषा, भूगोल, क्षेत्र, संस्कृति, अर्थ, राजनीति, धर्म, जाति, जनजाति, पेसा, चेतनाजस्ता सामाजिक सांस्कृतिक संरचनाहरू व्यक्तिको पहिचान निर्धारणका संवाहक हुन् (निरौला,२०८२, पृ. ७०–८०)। व्यक्तिले सामाजिक सांस्कृतिक सङ्घर्षपछि पुरानो पहिचानलाई विस्थापन गरी नवीन पहिचानको आधार निर्माण गर्दछ। निर्माणवादी अवधारणाअनुसार परिचयका जुनसुकै मापदण्ड पनि प्रकृति प्रदत्त नभएर ऐतिहासिक र राजनीतिक परिप्रेक्ष्यभित्र निर्मित हुने मान्यता

राख्दछ । नारीत्व वा पुरुषत्वको तात्त्विक विशेषताहरू सामाजिक र ऐतिहासिक प्रक्रियामार्फत दुवै ऐतिहासिक परिप्रेक्ष्य र सामाजिक मान्यताहरूबाट निर्देशित हुने मत राख्छ (उप्रेती, २०६८, पृ. २७६-२७८) । पहिचान परम्पराले बनाइदिएको परिचय हो । त्यसैको निरन्तरता र परम्पराबाट भिन्न रहेर नवीन पहिचानको सन्दर्भमा यसको प्रयोग गरिन्छ । पुरानो परम्पराको प्रयोगको सन्दर्भमा एकातर्फ पुरानै मूल्यमान्यतामा रहेर पहिचानलाई निरन्तरता दिन सकिन्छ भने अर्कातर्फ समय सापेक्षित रूपमा त्यसको पुनः परिभाषा गरेर पनि पहिचानलाई लिन सकिन्छ । यसैले पहिचान स्थिर नभई परिवर्तनशील हुन्छ ।

## *नारी प्रतिनिधित्व*

निर्णय प्रक्रियामा नारीको सहभागिता, नेतृत्व र उपस्थिति नै नारी प्रतिनिधित्व हो । हरेक व्यक्ति आफ्नो प्रतिनिधि हो र प्रतिनिधिमा हुने गुण अथवा विशेषता नै प्रतिनिधित्व हो (पुन, २०८०, पृ. २१९) । उप्रेती (२०६८) अनुसार सांसदले आफ्नो चुनाव क्षेत्रमा रहेका मानिसहरूको प्रतिनिधित्व गर्नु राजनीतिक प्रतिनिधित्व हो भने कुनै पत्रकार वा समालोचकद्वारा किनारीकृत समुदायका बारेमा लेखिदिएर त्यस किनारीकृत समुदायको प्रतिनिधित्वलाई देखाइदिनु भाषिक प्रतिनिधित्व हो (पृ. २८१-२८२) । प्रतिनिधित्वको मुख्य विषय समाजको संरचना कसरी निर्माण भएको छ र त्यसमा नारीको प्रतिनिधित्व कसरी भएको छ भन्ने हो । राजनीतिक अर्थमा यस शब्दले कुनै वर्ग, समाज बासस्थान विशेषका जनताको काम गर्ने जिम्मेवारी पाउनु अथवा लिनु भन्ने जनाउँछ भने साहित्यमा विभिन्न समुदाय वा वर्गका बारेमा लेख्दा भाषाका माध्यमबाट गरिने प्रतिनिधित्वभन्ने बुभिन्छ । नारी प्रतिनिधित्वले नारी उपस्थिति र उसले प्राप्त गरेको जिम्मेवारीलाई बुझाउने हुँदा नारी आफैँ प्रतिनिधि हो र प्रतिनिधित्व गरेको छ वा विज्ञद्वारा भाषिक प्रतिनिधित्वमार्फत प्रतिनिधित्व गराइएको छ भनी खोज तथा अध्ययन गरिन्छ ।

## *आस्था र अनुष्ठानमूलक नवारनी संस्कारमा मगर नारीको पहिचान र प्रतिनिधित्व*

मगर जातिमा आस्था र अनुष्ठानमूलक संस्कृतिसँग सम्बन्धित पूजा र अनुष्ठान गरिन्छन् । तिनैमध्येको एक नवारनी संस्कार (न्वारन संस्कार) पनि एक हो । प्रकृति पूजक मगर जातिको आस्थाको केन्द्रका रूपमा रहेको पितृपूजासँग यसको सम्बन्ध रहेको छ। स्थानीय समुदायले यसलाई पितृ पूजा भन्दछन् । मगर समुदायमा हरेक प्रकारको संस्कार-संस्कृति सम्पन्न गर्दा सबैभन्दा पहिले पितृपूजा गरिन्छ। पितृपूजाको आस्थाअनुसार अनुष्ठानको आयोजना गरिन्छ। मगर जातिमा प्रचलित जीवनचक्रीय विभिन्न संस्कारभित्र न्वारन संस्कार पनि पर्छ। यो संस्कार सम्पन्न गर्दाको समयमा नारीको उपस्थितिले विशेष महत्त्व पाएको हुन्छ।

बच्चा जन्मिएपछि औपचारिक रूपमा नाम राख्ने संस्कारलाई न्वारन भनिन्छ । न्वारन संस्कारलाई अठार मगरात क्षेत्रको रोल्पा जिल्लाका मगरहरूले स्थानीय भाषामा नवारनी भन्दछन् । नवारनी अनिवार्य कर्म हो । यसलाई सूतक चोख्याउने चलन पनि भनिएको पाइन्छ। पुन मगर (२०७७ क) अनुसारः

बच्चाको नाइटो झरेपछि ३,५,७,९ र ११ जस्ता बिजोर दिनमा नवारनी गरिन्छ। यो संस्कार घरकै ज्येष्ठ अनुभवी महिलाले सम्पन्न गर्छन । महिला घरमा नभएको खण्डमा सो ज्ञान भएको कुनै अनुभवी महिला ल्याएर सो कार्य सम्पन्न गर्छन् । सो दिन सबै इस्टमित्र भेला भइन्छ। खसी, राँगो काटेर भोज गर्ने चलन भए पनि घरमा एउटा कुखुराको भाले काटेर बज्यूपरङ्गीलाई पूजा गर्नैपर्ने हुन्छ। चोयाबाट बनेको डोकामा बच्चालाई सुताइन्छ र डोकाको वरिपरि बाट सातोटा ससाना टपरी या पातमा सबै परिकार राखी बज्यूपरङ्गीलाई पूजा गरिन्छ। त्यो बेला पूजा गर्ने व्यक्तिले 'लौ बज्यूपरङ्गी यो बच्चालाई उसको चेतना वृद्धि नहुँदासम्म रूखबाट, भिरबाट, पानीबाट जोगाउनु र अन्य सबै खाले खतराबाट मुक्त गर्नु । यो सबै तपाईंकै हातमा छ' भनी

बज्यूपरङ्गीलाई पुकारेर पूजा गर्नेगराउने गरिन्छ र त्यसपछि त्यस दिन काटिएको कुखुराको भालेको मुटु, कलेजो सपेट्टासमेत चढाउने गरिन्छ। बज्यूपरङ्गीलाई चढाएपछि सबैले प्रसादका रूपमा त्यसलाई ग्रहण गरिन्छ। प्रसाद ग्रहणपछि बच्चा जन्मेको घर, परिवार र गोत्र सबै चोखिएको मानिन्छ । परम्परानुसार विधि पुऱ्याएर बज्यूपरङ्गीको पूजा गरेपछि उनै बज्यूपरङ्गीले बच्चाको सुरक्षा गर्छन् र भूतभुयाँर लाग्दैन भन्ने विश्वासका साथ बच्चालाई बाहिर निकालिन्छ (पृ.३६४–३६६)।

माथि उल्लिखित अंशमा अठार मगरात क्षेत्रका मगर समाजमा व्याप्त नवारनी संस्कार र त्यस संस्कारमा गरिने आस्था र अनुष्ठानबारे चर्चा गरिएको छ। आस्था भनेको श्रद्धा, भरोसा र विश्वास हो। लोकसंस्कृतिमा प्रतिविम्बित विश्वास नै लोकको विश्वास हो । लोकसमाजमा व्याप्त यस्ता लोकविश्वासमध्ये केही व्यावहारिक र विज्ञानसम्मत देखिन्छन् भने केही झट्ट विश्वास गरिहाल्न नसकिने खालका भए पनि लोकसमाजमा स्वीकार गरिएका हुन्छन् (पुन, २०८२, पृ.३९) । लोकविश्वासले लोकमानसमा भरोसा जगाउँछ र श्रद्धाभावको विकास गराएको हुन्छ। नवारनी संस्कारको आयोजनाले बज्यूपरङ्गीको शक्तिप्रतिको लोकको विश्वासलाई प्रस्ट पारेको छ । यो त्यस क्षेत्रका मगर समाजको आस्था हो । उनको विशेषशक्तिप्रतिको विश्वासका कारण नै मगर जातिले उनीप्रति गहिरो आस्था प्रकट गरेका हुन्। उनीहरूले सोही आस्थाअनुसार लोक अनुष्ठानको आयोजना गरेका हुन्। लोकअनुष्ठान सम्पन्न गर्नका लागि पनि सकेसम्म सोही घरकी नभएको खण्डमा समाजकी ज्येष्ठ महिलाको महत्त्वपूर्ण भूमिका रहने कुरा प्रस्ट देखिन्छ। नवारनी संस्कार घरका बज्यू या भाइपट्टिका अनुभवी महिलाले सम्पन्न गर्ने, यदि आफ्नो परिवारमा अनुभवी महिला नभएमा गाँउघरका नवारनीसम्बन्धी विधि जानेका महिलाले गर्ने, यस दिनमा खासमा बज्यूपरङ्गी (बच्चाहरूलाई अचेतन अबस्थामै हाँस्ने, बोल्ने र मान्छेसँग हुनुपर्ने गुणहरू भरिदिने अदृश्य शक्ति (ग्वाला) भन्ने जनविश्वास) लाई पूजा गरी खुसी बनाउने मुख्य उद्देश्य राख्नु, नवारनीमा खास गरी आगो, पानी, भिर र अन्य खतराबाट बचाइदिन भनी तिनै बज्यूपरङ्गीको आराधना गर्नु तथा नवारनीका सबै क्रियाकलाप ज्येष्ठ महिला वा बज्यूपरङ्गीलाई पूजा गर्ने व्यक्तिकै निर्देशनअनुसार गरिनुजस्ता कार्यले मगरको त्यस समाजमा नारीको स्थान, निर्णय र कार्य सम्पादनको तहमा उसको अधिकारको वर्चस्व देखिन्छ। यसले त्यस जातिको समाजमा नारीसत्ताको पहिचान र प्रतिनिधित्त्वलाई प्रस्ट पारेको छ। यसले नारीप्रधान मातृसत्तात्मक शासन व्यवस्थाको प्रभाव रहेको मगर समाजको वास्तविकतालाई पनि झल्काउँछ।

## *जीविकोपार्जनमूलक संस्कृतिमा मगर नारीको पहिचान र प्रतिनिधित्व*

मानव जातिले जीवनयापनका क्रममा अवलम्बन गर्ने काम नै जीविकोपार्जन हो। समयअनुसार समाज परिवर्तशील हुन्छ। समाजअनुसार मानिसका जीवनयापनका माध्यम र नियम पनि परिवर्तन भइरहेका हुन्छन्। यस कुराको अध्ययनका लागि गण्डकी प्रदेशको म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका– २ को भुरुङ गाउँमा प्रचलित सातुछेच्ची र पर्वत जिल्लाको जलजला गाउँपालिका– १ स्थित मालगाउँमा प्रचलित रुएँ–रुमेली पूजालाई अध्ययनको केन्द्र मानिएको छ।

## *सातु छेच्ची / रुएँ- रुमेली पूजा*

करबाकेलीलाई आफ्नो आराध्य देउता ठान्ने म्याग्देली र पर्वतेली पुन मगरहरूको समाजमा सातु छेच्ची संस्कृति प्रचलित छ। यसलाई म्याग्देलीहरू सातु छेच्ची भन्दछन् भने पर्वतेलीहरू रुएँ–रुमेली पूजा भन्दछन् । म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका– २ भुरुङका नारीहरूले गाउँमा भुमेपूजा सम्पन्न गरेको ठयाक्कै हप्ता दिनमा सातु छेच्ची उत्सव सम्पन्न गर्दछन्। भूमेपूजा चैत्र वा वैशाख महिनामा राम्रो दिन पारेर गर्ने चलन छ। यस बेला उनीहरूका

बारीमा मकै छरिएको हुन्छ। उता पर्वत जिल्लाको जलजला गाउँपालिका– १ स्थित मालगाउँका नारीहरूले जेठ महिनामा रुएँ–रुमेली पूजाको आयोजना गर्छन्। त्यो बेला उनीहरूका खेतबारीमा धान र कोदाको बिउ छरिएको हुन्छ। म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका– २ भुरुङकी चिनमती पाइजा गर्बुजा यसो भन्नुहुन्छ –

*गाउँमा भुएँपूजा भको ठ्याक्कै हप्तादिनमा सातु छेच्ची गर्चुम्। यो बेला गाउँका सबै दिदीबैनीहरू मात्रै जम्मा हुन्चु। बिहानै उठेर चोखोनिस्टा भएर चाइने सामान सोलीमा बोकेर दिदीबैनीहरू आफूङ्गी बारीमा जान्चु। थान बनाएर रेखी हाल्ने, प्रसाद चराउने, धजा बाँन्ने, धुप हाल्ने गर्चु। पूजा सकेपछिन् जाँरमा मुछेको जौँको सातु बारीको सोब्बै मकैबारीमा छर्ने। त्याँट 'किरा मोरो' भन्दै पाहाको नङ्ग्राले मकैको जरामा कोतर्ने। त्याँट मुखमा सातु राखिर अलि भिरालो परेको कान्लामा गएर 'किरा मोरो' भन्दै गुल्टिने। काम सक्केपछिन् सोब्बै दिदीबैनीरु एकै ठाममा जम्मा भइर दिनभरि हाँसोठट्टा गर्चु र साँज परेपछिन् आफूङ्गी घर फर्किन्चु (२०८१ चैत्र महिनामा लिइएको अन्तर्वार्ता)।*

त्यसैगरी जस माया तिलिजा पाइजा यसो भन्नुहुन्छ –

*सदै जेट् मैनामा रुएँ–रुएली पुजा गर्चम्। रुएँ पुस्ने नि भन्चम्। दिदीबैनी मात्तरैले मनाउने दिन हो। यो दिन सोबै लोन्छारारु लुक्चन्। अगिल्लो दिनमा नै सल्ला गरिर घरगोट्को सोबै चाँजोपाँजो मिलाउचम्। तो दिन बार्चम् कुनै काम गर्दैनम्। 'अन्नको सह लेउने देउतिनी' भनिर रुएँ–रुमेली देउतेनीलाई सम्जिन्चम्। तो दिनमा गाउँको सोबै दिदीबैनीरु ब्यानै चोखोनिस्टा भइरचाइने सामान सोलीमा बोकिर आआफुनु बारीमा जान्चु। थान बनाइर रेखी हाल्ने, जाँर, भात, पानी चराउने, धजा बाँन्ने, धुप हाल्चम्। पुजा सकेपछिन्प्रसाद खान्चुम्। त्याँट थाल बजाउँदै नाच्चुम्। त्याँट बारीमा छरिएको सबै कोदो र धानको बिउमा जौँको सातु छर्चम्। त्याँट 'किरा मोरो' भन्दै कोदो र धानको बिउ छरिएको सबै बारीको पाटामा पाहाको नङ्ग्राले कोर्तचम्। कोतर्ने काम सक्किएपछिन् मुखमा सातु राखिर सबै पाटारुमा 'किरा मारो' भन्दै गुल्टिन्चम्। 'जत्ति ढेरै ठट्टा गरो, तेत्तिढेरै रुएँ–रुमेली खुसी हुन्चन् र अन्नबालीको सह आउँच' भनिर सोबै दिदीबैनीरु एकै ठाममा जम्मा भइर मुखैभरि कालोमोसो दलेर हाँसोठट्टा गर्चम्। यो बेलामा कोइ लोन्छारा देखिए भने आइमाइरुले लखेटिलखेटि कुत्कुताउने र कपरा चेत्दिन्चन् अनि दन्डसजाए दिन्चन्। साँज परे पछिन् सोबै घर फर्किन्चम् (२०८२ चैत्र महिनामा लिइएको अन्तर्वार्ता)।*

यहाँ चर्चा गरिएको सातु छेच्ची / रुएँ– रुमेली पूजाले जीविकोपार्जको मुख्य माध्यम कृषिसँगको सम्बन्धलाई प्रस्ट पारेको छ। यो केवल नारीहरूद्वारा मात्र आयोजना गरिने विशेष खालको उत्सव हो। यस उत्सवमा अन्नका देवी रुएँ–रुमेलीको आराधना गरिएको छ। वर्षभरि खान पुग्ने अन्नको उत्पादनसँग यो पूजा जोडिएको छ। रुएँ–रुमेली नामकी देउतेनी भूमे देउताकी पत्नी हुन् र उनले अन्नबालीको सह ल्याउन, अन्नबालीमा लाग्ने कीराफट्याङ्ग्रा मारिदिन र प्रशस्त अन्न फलाउन विशेष शक्ति दिन्छिन् भन्ने लोकको विश्वास रहेको देखिन्छ। सो विश्वासले नारीहरूलाई सशक्त बनाएको छ। यहाँ वर्षभरि पुग्ने अन्नबाली उब्जाउने र परिवार पाल्ने प्रमुख जिम्मेवारी नारीको काँधमा रहेको देखिन्छ। लोकसंस्कृतिमा कुनै पनि जाति वा समुदायको परम्परा र रीतिरिवाज झल्किएको हुन्छ। यहाँ पनि पुन मगर पुर्खाको परम्परागत रीतिरिवाज झल्किएको देखिन्छ। देवीरुएँ– रुमेलीप्रतिको आस्था नै त्यो समुदायको व्यवहार हो। व्यवहारअनुसार महिलाहरूको सक्रिय सहभागितामा सातु छेच्ची/रुएँ– रुमेली पूजा सम्पन्न गरिएको छ। खेतीपातिको समयमा गरिने प्रकृतिपूजाको सम्पूर्ण तयारी तथा सम्पन्न गरिने विधिविधान मात्र नभएर अन्नबालीमा

लाग्ने कीराफट्याङ्ग्रा मार्नका लागि अपनाइने घरेलु उपचारविधि, महिला सङ्गठन निर्माणको रैथाने परम्पराको झलक दिएको छ। यसले त्यस क्षेत्रको पुन मगर समाज र जीविकोपार्जनमूलक संस्कृतिमा मगर नारीको प्रभुत्वशाली पहिचान र प्रतिनिधित्वलाई पस्ट पारेको छ।

## *संस्कृति पुस्तान्तरण तथा संरक्षणमा मगर नारीको पहिचान र प्रतिनिधित्व*

लोकका अलिखित संस्कृतिहरू मौखिक रूपमा हस्तान्तरण गरिन्छन्। त्यही रूपमा संरक्षित भएकाहुन्छन्। लोकसंस्कृति भनेको कुनै समाज वा समुदायका मानिसहरूले पुस्तौँदेखि अपनाउँदै आएको परम्परा, चालचलन, विश्वास, कला, भाषा, र जीवनशैलीको समष्टि हो। यो सामान्यतया साधारण जनताबिच विकसित भएको संस्कृति हो, जुन एक पुस्ताबाट अर्को पुस्तामा मौखिक अथवा व्यवहारिक रूपमा सर्छ। यसले समाजको लैङ्गिक अवस्थितिलाई पनि उजागर गरेको हुन्छ। यहाँ ज्योमारे संस्कृतिका माध्यमबाट मगर नारीको पहिचान र प्रतिनिधित्वलाई केलाउने प्रयत्न गरिएको छ।

## *ज्योमारे संस्कृति*

ज्योमारे संस्कृति मगर जातिको लोपोन्मुख परम्परागत विवाह संस्कारसँग सम्बद्ध सामाजिक संस्कार हो। यो संस्कृति भूगोलअनुसार केही भिन्न नामले चिनिएको पाइन्छ। मामाचेली विवाह संस्कारमा आधारित यो परम्परागत संस्कृति राप्ती क्षेत्रमा 'ज्यो मा रे', गण्डकी क्षेत्रमा 'जीवैमामा' र म्याग्दी जिल्लातिर 'कलश जुधाइ' नामले चिनिन्छ। ज्योमारे संस्कृति अथार मगरात क्षेत्रमा महिलाले विशेष गरेर अविवाहित केटीहरूले फागुन महिनामा सम्पन्न गरिने एक संस्कृति हो। यहाँ पुरुषको उपस्थितिलाई वर्जित गरिएको हुन्छ। यो अन्थार मगरात क्षेत्रका मगर जातिमा मामाकी छोरीको फुपूका छोरासँग हुने विवाह संस्कारमा खेलिने गीतिनाटक हो (बुढामगर, २०७७, पृ. ३९५)। फागुन महिनाभरि चेलीहरू जम्मा भएर रातभरि यो गीतिनाटक प्रस्तुत गर्छन्। सर्वप्रथम दिदीबहिनीहरूले गाउँको बिच भागमा पर्ने घरको छनोट गर्छन्। घरको आँगनमा गाउँका दायाँबायाँतिरबाट दिदीबहिनीहरू भेला हुन्छन्। त्यहाँ भेला भएका दिदीबहिनीहरूमध्ये एक पक्ष इष्ट र अर्को पक्ष माइती गरी दुई समूहमा विभाजित हुन्छन्। छ चरणमा सम्पन्न हुने यस प्रस्तुतिमा मामा चेली र फुपू चेलाबिच सम्पन्न हुने विवाहको क्रम, चरण, विधि, प्रक्रिया, पहिरन, वेशभूषा, खानपान, रीतिरिवाज, प्रथा, परम्परा, लोकविश्वास आदिबारे सिलसिलेबार चर्चा गरिन्छ।

ज्योमारे संस्कृतिमा प्राचीन मातृसत्तात्मक समाज प्रतिबिम्बित भएको आभास हुन्छ। मगर समाजमा मात्र पाइने र युवतीहरूद्वारा मात्र विशेष उत्सवका साथ प्रस्तुत गरिने ज्योमारे संस्कृतिले मामाचेली विवाह जस्तो आफ्नो मौलिक विवाह संस्कारको पुस्तान्तरण र संरक्षणमा नारीको अहम् भूमिकालाई प्रस्ट्याएको छ। विवाह संस्कारको सम्पूर्ण विधि र प्रक्रियालाई लोकभाकाका माध्यमबाट अभिनयसहित प्रस्तुत गरिने यस लोकनाटकमा प्राचीन मातृसत्तात्मक समाजको बिम्बका साथै मगर समाजमा नारीहरूको विशिष्ट भूमिका, स्वतन्त्रता र सम्मानको अवस्थालाई पनि झल्काइएको छ।

## *सामाजिक कार्य तथा निर्णयको तहमा मगर नारीको पहिचान र प्रतिनिधित्व*

सामाजिक कार्य तथा निर्णयको तहमा मगर नारीको पहिचान र प्रतिनिधित्वलाई पर्गेल्न अठार मगरात समाजमा प्रचलित थामी विवाह तथा प्रथाजनित संस्था मेमाजालाई प्रमुख आधार बनाइएको छ।

## *थामी विवाह*

थामी विवाह अठार मगरात समाजमा भेटिन्छ। मगर जातिमा फुपूले आफ्नी भदैनी जन्मेपछि नवारनीका दिनमा 'आजैका दिनदेखि तिमी मेरी बुहारी' भनी आफ्नो

छोराका लागि भदैनीको हातमा डोरीले बाँधिदिन्छिन् । पछि भदैनीको उमेर पुगेपछि साई लगाएर विवाह गरिन्छ। यसरी पहिले नै थामेर राखिने हुनाले थामी विवाह भनिएको हो (पुनमगर, २०७७ ख, पृ. ३८४) । विवाहको यस्तो परम्पराले मगर समाजमा नारीको प्रभुत्वशाली भूमिकालाई देखाएको छ । नारीको निर्णयले नारीको प्रभुत्वशाली पहिचान र प्रतिनिधित्वलाई औँल्याएको छ।

## *प्रथाजनित संस्था मेमाजा*

अठार मगरात समाजमा प्रथाजनित संस्था मेमाजाको चलन छ । मेमाजा अविवाहित केटीहरूको परम्परागत समूह हो । मेमाजाले मगर समुदायमा सम्पन्न हुने जन्म, विवाह र मृत्युजस्ता संस्कारमा महत्त्वपूर्ण भूमिका निभाउँछन्। रोका मगर (२०८१) ले यसबारे भनेका छन्–

> मेमाजा अविवाहित छोरीहरूको एक सङ्गठित परम्परागत संस्था हो। मेमाजाका सदस्यहरू श्रम गर्ने उमेर पुगेका अविवाहित कन्या केटीहरू हुन्छन्। यस समूहको सदस्य हुनलाई एउटै कुल/गोत्यार/कैरनको हुन जरुरी हुन्छ। एउटै कुलभित्रका कन्याहरू श्रम गर्ने उमेर पुगेपछि उनीहरू स्वतः मेमाजाको सदस्यका लागि उपयुक्त मानिन्छन् तर विवाह भए लगत्तै उनीहरूको सदस्यता स्वतः खारेज हुन्छ। मेमाजाको नेतृत्व समूहको सबैभन्दा जेठो महिलाले गर्छिन् र सोही महिला नै त्यस समूहको मुखिया हुन्छिन् । मेमाजा समूह एकलभन्दा सामूहिक नेतृत्वमा आधारित हुन्छ। हरेक निर्णयहरूमा सबैको समाज निर्णायक भूमिकामा रहन्छ। यो समूह परम्परागत मूल्यमान्यता र अभ्यासका आधारमा सञ्चालित हुन्छ। मेमाजाको मुख्य अवधारणा मगर समुदाय अझ विशेष गरी आफ्नो कुल खान्दानअन्तर्गत दुःख वा सुखको बेलामा गरिने सामूहिक कार्यहरूमा व्यवस्थापकीय भूमिका निर्वाह गर्नु हो (पृ. १–३)।

माथि उल्लेख गरिएको प्रथाजनित संस्था मेमाजाको चर्चाले सामाजिक कार्य र निर्णयको तहमा मगर नारीको पहिचान र प्रतिनिधित्व प्रस्ट पारेको छ । मेमाजा मगर खाम भाषाको शब्द हो । मेमाको अर्थ छोरीहरू र जाको अर्थ सन्तान वा समूह हुन्छ। मगर खाम भाषामा मेमाजाको अर्थ छोरीचेलीहरूको समूह भन्ने हुन्छ (रोका, २०८१, पृ.१) । नेपाली भाषामा यसलाई मन्धेउली भन्ने गरिन्छ। यसले मगर जातिका संस्कारहरू विधिसम्मत रूपमा सम्पन्न गर्न व्यवस्थापकीय पक्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । परम्परागत संस्थाका रूपमा अभ्यास गरिएको प्रथाजनित संस्था मेमाजाले अविच्छिन्न रूपमा सामूहिक नेतृत्वविकास तथा सञ्चालनमा महत्त्वपूर्ण भूमिका खेलेको छ। मगर समुदायको जीवनचक्रीय संस्कारहरू परम्परागत र मौलिक खालका छन् । यस्ता परम्परागत तथा मौलिक संस्कार हरूमा मेमाजाहरूको प्रत्यक्ष सहभागी भएको देखिन्छ। यसले सामाजिक कार्यमा प्रथाजनित संस्था मेमाजाको भूमिका, महत्त्व र आवश्यकताका साथै महिलाको निर्णायक भूमिकालाई व्यक्त गरेको छ।

## *निष्कर्ष*

अध्ययनले मगर समाजको सांस्कृतिक संरचनामा महिलाको प्रभुत्वशाली पहिचान र प्रतिनिधित्वलाई दर्शाएको छ । मगर जातिको समाज मातृसत्तात्मक नारीसत्ताको समाज थियो भन्ने कुरोलाई प्रस्ट पारेको छ । विशेषतः मगर जातिको पुराना तथा घना जनसङ्ख्या रहेको समाजमा प्रचलित सातु छेच्ची/ रुएँ–रुमेली, नवारनी, थामी विवाह, प्रथाजनित संस्था मेमजा, ज्योमारे संस्कृतिजस्ता परम्परागत संस्कृतिहरू र ती संस्कृतिहरूमा रहेको नारीशक्तिप्रतिको विश्वास र व्यवहारले नारीको सक्रिय र महत्त्वपूर्ण भूमिकालाई छर्लङ्ग पारिदिएको छ । परम्परागत रूपमा पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि जस्ता हरेक क्षेत्रमा निर्णयको अधिकार, परिणाममुखी कार्यसम्पादन, सामूहिकता जस्ता गुणका कारण मगर संस्कृति नारीको प्रभुत्वशाली पहिचान र प्रतिनिधित्व देखाउन सफल छ।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, केशवराज (२०७०). *परिभाषित आँखाहरू उपन्यासको सांस्कृतिक अध्ययन.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

खत्री, प्रेम (२०७०). *संस्कृति र अनुभूतिका आयामहरू.* काठमाडौँ : सम्पदा संरक्षण, विपद व्यवस्थापन तथा सामुदायिक विकास ।

गिरी, अमर (२०६९). 'पहिचानको राजनीति र मार्क्सवाद'. *नवयुग.* (वर्ष २२, अङ्क ८. २७—३६) ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* (दोस्रो.संस्क.) ललितपुर : साझा प्रकाशन ।

चापागाइँ, निनु (२०५९). *सन्दर्भ संस्कृति र सांस्कृतिक रूपान्तरण.* (दोस्रो.संस्क.) काठमाडौँ : विवेक सिर्जनशील ।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन ।

निरौला, अम्बिका (२०८२).'साल्गीको बलात्कृत आँसु कथामा नारीवाद'. *युगदूत.* (प्रधान सम्पा.रघु पन्त). वर्ष –४५. अङ्क ७. मङ्सिर ।

पुन, प्रतिभा (२०८०). 'धौलागिरी क्षेत्रको सोरठी गाथामा लैंगिक उत्पीडन, प्रतिनिधित्व तथा प्रतिरोधको स्थिति'. *युगदूत.* (प्रधान सम्पा. रघु पन्त). वर्ष –४४. अङ्क ५. साउन ।

पुनमगर, कुमबहादुर (२०७७ क). 'अठार मगरात क्षेत्रका मगर जातिमा प्रचलित नवारनी संस्कार'. *नेपाली लोकवार्ता–९.* (सम्पा. बम कुमारी बुढा मगर) . काठमाडौँ : लोकवार्ता परिषद, नेपाल ।

पुनमगर, जोखबहादुर (२०७७ ख). 'रोल्पा : मगर जातिको विवाह संस्कार'. *नेपाली लोकवार्ता–९.* (सम्पा. बम कुमारी बुढामगर). काठमाडौँ : लोकवार्ता परिषद, नेपाल ।

प्रभात, विष्णु (सन् १९९५). *संस्कृतिमा विकल्पवाद.* काठमाडौँ : कल्पवृक्ष प्रकाशन ।

बुढामगर, टीका कुमारी (२०७७). 'अथार मगरातका चेलीहरूको गीति संस्कृति : ज्योमारे'. *नेपाली लोकवार्ता–९.* (सम्पा. बम कुमारी बुढामगर). काठमाडौँ : लोकवार्ता परिषद, नेपाल ।

बुढामगर, बमकुमारी (२०६९). 'बहुल संस्कृति र मगर संग्रहालय'. *स्मारिका.* काठमाडौँ : नेपाल राष्ट्रिय जातीय संग्रहालय ।

भट्टराई, रमेशप्रसाद (२०६८). 'लैङ्गिक समालोचना'. *रत्न बृहत् नेपाली समालोचना.* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मण गौतम). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७०). *नेपाली साहित्य पहिचान र प्रतिनिधित्व.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

मार्क्स, एङ्गेल्स (सन् १९७८).*संकलित रचनाएँ.* ३:२.मस्को : प्रगति प्रकाशन ।

रोकामगर, मायाकुमारी (सन् २०२६). 'मगर समुदायमा मेमाजाको भूमिका, महत्त्व र आवश्यकता'. *शोधमाला.*(सम्पा. प्रतिभा पुन). ललितपुर : मगर अध्ययन केन्द्र.भोलुम १. अङ्क ११ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१).*पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, शिवकुमार (२०७१). 'दाङ उपत्यकाको अमूर्त सांस्कृतिक सम्पदा'. *मिलनबिन्दु.* काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र ।